# मकालु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

visit Nepal

नुम, संखुवासभा
१ नं प्रदेश, नेपाल

प.स.: ०७७/०७८
च.न.: ३०६

**समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आवहान गरिएको सूचना**
(प्रकाशन मिति : २०७७/०६/१८)

यस मकालु गाउँपालिकाले प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि अति आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आवहान गरिएको छ । यस मकालु गाउँपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त लिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रृप्ट , चारित्रिक प्रमाणपत्र , परीक्षा दस्तुर तिरेको भौचरको अर्धकट्टी तथा नेपाल बाहेकका अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी मकालु गाउँपालिकाको कार्यलय समक्ष पेश गर्नुपर्नेछ ।

रित नपुगेको , तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारबाही हुने छैन् । साथै , प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन् । झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयंम हुनु पर्नेछ ।

तपसिल :

१) विज्ञापन नं.., पद र माग संख्या :

| सि.नं . | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १००१/०७७-७८ | समूदायमा आधारित पुनर्स्थापना - सिविआर) सहर्जकर्ता (खुला) | ३ |
| २ | १००२/०७७-७८ | समूदायमा आधारित पुनर्स्थापना - सिविआर) सहर्जकर्ता (आरक्षण कोटा - अपाङ्गता भएका व्यक्ति) | १ |

२) सेवाको किसिम : अस्थायी ( करार सेवा)

३) आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव : -

क) मान्यता प्राप्त संस्थाबाट कम्तिमा अ.न.मी. उत्तिर्ण गरी कार्यानुभव हासिल गरेको ,

ख) कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको,

ग) स्वास्थ्य र अपाङ्गता को क्षेत्रमा काम गरेको अनुभव भएको ।

४) तलब , सुविधा तथा अन्य सेवाका शर्त : मासिक रु १५,०००।- (पन्ध्र हजार रुपैया मात्र) र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम ।

५) उम्मेद्वारको उमेर : ( क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिने अन्तिम मिति ( अर्थात मिति २०७७/०७ /०२ ) सम्ममा १८ बर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको ।

(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति ( अर्थात मिति २०७७/०७/२ ) सम्ममा १८ बर्ष उमेर पूरा भई ३५ बर्ष ननाघेको ।

६) उम्मेद्वारको छनौट विधि : लिखित , कम्प्यूटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता ।

७) फारम प्राप्त गर्ने र बुझाउने स्थान : यस मकालु गाउँपालिकाको कार्यलयबाट दरखास्त फारम प्राप्त गरी उक्त भरी मकालु गाउँपालिकाको कार्यलय बुझाउनु पर्ने ।

८) परीक्षा दस्तुर : खुला तर्फ रु ३०० ।- (तीन सय रुपैया मात्र ) र खुला सँगै समावेशी -अपाङ्गता भएको व्यक्तिको लागि मात्र) सिटमा थप रु १०० ।- (एक सय रुपैया मात्र )

९) परीक्षा दस्तुर बझाउने प्रक्रिया : मकालु गाउँपालिकामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ ।

१०) परीक्षा फारम भर्ने मिति : मिति २०७७/०६/१८ देखि २०७७/०७/०२ सम्म ।

११) परीक्षा सञ्चालन हुने मिति , समय र स्थान : दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तिन दिन भित्र टेलिफोन गरी जानकारी गराईनेछ । साथै यस मकालु गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२) पाठ्क्रम : दरखास्त फारमसँगै प्राप्त गर्न सकिनेछ ।

१३) शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति ( २०७७/०७/०२ ) सम्म जारी भएकोलाई मान्यता दिईनेछ ।

१४) विशेष व्यवस्था : समूदायमा आधारित पुनर्स्थापना सहजकर्ताहरुको छनौट पश्चात दुई (२) महिनाको समूदायमा आधारित पुनर्स्थापना तालिम हुनेछ । तालिम अवधिभर तलब पारिश्रमिक पाईने छैन् ।

१५) आवेदन स्वीकृत/ अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार मकालुगाउँपालिकालाई हुनेछ ।

१६) दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस मकालु गाउँपालिकाको कार्यलयको टेलिफोन नं. ९८४२४३५६९ ४ मा सर्म्पक गरी बुझ्न सकिनेछ ।

सम्पर्क नं. 9842435694
९८४२४३५६९४

सदस्य सचिव
सिफारिस समिति